ठगिन्छौं। हामी पनि दुष्ट र व्यभिचारी पुस्ता जस्ले चिन्हहरू खोज्छन ती मध्यका हुनेछौं। धर्मशास्त्रका अरु ठाउँहरूमा जस्तै येशूले यस खण्डमा पनि व्यभिचारी शब्द प्रयोग गर्नुहुन्छ। जब परमेश्वरका जनहरू उहाँको आराधना गर्नबाट फर्केर मुर्ति पुज्न थाल्छन् तिनीहरू व्यभिचारी हुन्छन्। हामीले आत्मा र सत्यतामा आराधना गरेको परमेश्वर चाहनुहुन्छ। यदि हामी अदृश्य परमेश्वरबाट फर्केर स्वभाविक आँखाले देख्न सक्ने कुनै कुरो पट्टि फर्क्यौं भने मुर्ति पट्टि फर्केको र आत्मिक व्यभिचार गरेको ठहरछ।

येशूले तयार गर्न जानुभएको ठाउँ चाँहि हाम्रो सुरक्षित स्थान हो। जब हामी स्वर्गमा बस्नेहरू संग बसेका हुन्छौं तब हामी नठगिइने सुरक्षित ठाउँमा हुन्छौं।

पावलले तिमोथीलाई भनेको कुराले यसलाई पुष्टि दिन्छ। "आदम बहकिएका होइनन् तर स्त्री चाँहि बहकिएर पापमा फँसेकी हुन्" (१ तिम २:१४)। अर्थात स्वभाविक स्त्री त होइन तर आत्मिक स्त्री ! धर्मशास्त्रमा पुरुषले आत्माको र स्त्रीले शरीरको अर्थ लगाउँछ। जब हामी शरीर अनुसार हिडछौं स्वभाविक क्षेत्रमा हाम्रो बिचारलाई सीमाबद्ध र अधिनमा राख्छौं र सहजै धोखामा पर्न सक्छौं। हाम्रो मन परमेश्वरको आत्माले पुन:नयाँ बनाएकोले मात्रै हामी सुरक्षित हुन्छौं।

## समाप्ति

बर्तमान युगमा विश्व भरि नै चिन्ह, अचम्मको काम, र अलौकिक प्रत्यक्ष कामहरू मण्डली र ठूला साना झुण्डहरूमा व्यापकरुपमा फैलिएको छ। कतिपय मानिसहरू जे भइरहेको छ देखेर धेरै उत्साहीत छन भने, अरु चाँहि धेरै सावधान छन, ती बाहेक अझ अरु चाँहि कट्टर बिरोधी छन्।

चिन्ह र आश्चर्यकामहरू त स्वभाविकै मात्र हुन्। त्यसले ठूलो आत्मिकी बिषयका कुराको संकेत दिदैनन्। पेन्तिकोस चाडको दिनमा आत्माको महान बप्तिस्माको अनुभव गर्न भन्दा अघि पनि चेलाहरूले रोगीहरूलाई निको पारे, दुष्ट आत्माहरू धपाए। बिभिन्न धर्म र मत मान्ने मानिसहरूले धेरै किसिमको शक्ति प्रयोग गरि उस्तै छक्क पार्ने काम गरेका छन्।

चिन्ह र आश्चर्यकामले परमेश्वरको हृदयमा भएको अझ महान काम तर्फ संकेत गर्छ भने हामी त्यस प्रति रमाउन र आनन्द मनाउन बाहेक अरु केहि गर्न सक्दैनौं। तिनीहरूको बिरोधमा बोल्नबाट प्रभुले हामीलाई रोकुन। जब तिनीहरू, मानिसको सेवकाई र संस्थालाई वा आफ्नै पदन्नोती गर्छन वा आफ्नै भलाईको लालसा गर्छन तब हामी धेरै सावधान हुनु आवश्यक पर्छ।

कलस्सीलाई लेखेको पावलको पत्रले भन्छ "यदि तिमीहरू ख्रीष्टसंग बिउँतिएका छौं भने माथिका कुराहरू खोज, जहाँ ख्रीष्ट हुनुहुन्छ र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ। माथिका कुरामा मन लगाओ पृथ्वीमा भएका कुरामा होइन" (कलस्सी ३:१,२)। चिन्ह र आश्चर्यकामहरू भौतिक हुन् भनि हामीले हेर्‍यौं। एका तर्फ धोखाको खतराबाट टाढा रहन चाहन्छौं भने, अर्को तर्फ परमेश्वरसंग हिंडने कुरामा अघि बडौं, पावलको अर्ती मान्नुमा नै उत्तम सुरक्षा छ।



# चिन्ह
# र
# आश्चर्य कामहरू

साँच्चै, म तिमहिरुलाई भन्दछु, ममाथि बिश्वास गर्ने त्यसले मैले गरेको काम गर्नेछ,

र तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु

युहन्ना १४: १२।

Website in English & Nepali: www.GrowthInGod.org.uk

गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि बिश्वास गरेको छ? तर यो भीड, जसले व्यवस्था जान्दैन, त्यो श्रापित छ" (यूहन्ना ७:४७-४९)। यिनीहरूलाई भएको दुख:-कष्ट हेर त। फरिसीहरूको बिचारमा मानिसहरू येशूद्वारा ठगिंदै थिए। कारण तिनीहरूले धर्मशास्त्र जानेका थिएनन्।

दुख:को कुरो आजको दिनसम्म पनि त्यस्ता कुरा घरि घरि भईरहेको पाइन्छ। धर्मशास्त्रको ज्ञानले मात्र मानिसहरूलाई धोखाबाट बचाउँन सक्दैन, तर बचाउने होइन सत्यताबाट टाढ़ा राख्तछ ! धेरै मानिसहरू जस्ले बाइबलका ठीक सिधान्त मान्छौं भनि भन्छन् वास्तवमा सिद्धान्त प्रसार गर्ने झुण्ड वा समुदायको आफ्नो शिक्षाले लादेर जनतालाई आफ्नै पक्ष भित्रै सुरक्षित राख्ने लक्ष लिएका हुन्छन्।

कतिपय मानिसहरू व्यक्तिगत वा सानो झुण्डहरूमा बाटो बिराउन सक्छन र ठूलो झुण्डहरूले धोखाबाट सुरक्षित राख्छ भनी बिश्वास गर्दछन्। तर मण्डली इतिहासको साधारण अध्ययनले यो असत्य प्रमाणित गरेको छ। संख्याको कुरा गर्दा सानोदेखि लाखौंको झुण्डहरू पनि यस्ता गमभीर धोखाको पिडीत छन्। विशाल संख्या भएको इसाई संस्था तिनीहरूको सहमतिमा आउन अस्वीकार गर्नेहरू प्रति सामुहिक हत्या गरेको अपराधबाट मुक्त छैन। सानो ठूला सबै प्रकारका झुण्डहरूले अनौठो शिक्षामा बिश्वास गरेर अनौठो कार्य-अभ्यास समेत गरेका छन्। कतिले त भर्नु भन्दा बौलाउनु भलो ठानी आफुप्रति आत्मिक र स्वभाविक गम्भिर क्षति पुऱ्याएका छन्, भने अरुहरूले चाँहि, उग्र झुण्डहरू सामुहिक आत्मा-हत्या आफैलाई अन्तय गरेको थाहा भएकै कुरो हो।

अधिक संख्यामा सुरक्षा हुन्छ भनि बिश्वास गर्ने पहिलेका मानिसहरूले बाबेलको धरहरा बनाए। तिनीहरूले सोचे यदि हामीले आफ्नो नाउँ राख्नलाई वरिपरी पर्खाल लगायौ भने सबै कुरा ठीक र सुरक्षा हुन्छ भनि ठानेका थिए। त्यस पछि धेरै मानिसहरूले तिनीहरूको नमुनालाई आजको दिनसम्म पछयाईरहेका छन्।

बाइबल अध्ययन गर्न राम्रो हो, अरु बिश्वासीहरू संगको संगति गर्नुको साथै यस बिषयमा गहिराई र चौडाईमा पुग्न दुवै अझ राम्रो छ तर परमेश्वरबाट प्राप्त भएका यिनीहरू मध्य कुनै पनि आशिषले धोखाबाट सुरक्षाको ठोकुवा दिन सक्दैन।

माथि लेखे झैं येशूले भन्नुभयो "किनकि झुटा अगमवक्ताहरू खडा हुनेछन, र हुनसके चुनिएकाहरूलाई पनि भ्रममा पार्नलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। यदि त्यो सम्भव थियो भने।" तब हामी कसरी धोखाबाट उम्कन सक्छौं त? माथि उल्लेख गरेझैं, को चाँहि ठगिनेछ भनि यूहन्ना भन्छन। ती तिनीहरू नै हुन जो पृथ्वीमा बस्छन्। निस:न्देह स्वभाविक रुपमा पृथ्वीमा बस्नेहरू त होइनन् तर ती आत्मिकी जो त्यहाँ बस्छन् ! यस्ता मानिसहरू निकोदेमस जस्ता छन तिनीहरू येशूले गर्नुभएका चिन्हहरू त देख्न सक्छन तर परमेश्वरको राज्य चाँहि होइन। स्वभाविक आँखाले चिन्ह र आश्चर्य-कामहरू देख्न सक्छन, तर त्यो भन्दा बडी होइन, चिन्हले पछि हुन आउने अझ महान काम देखाइरहेको चाँहि देख्न सक्दैनन्।

"दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ" भनेर येशूले दुई पल्ट फरिसीहरूलाई भन्नुभयो (मत्ती १२:३९ र १६:४)। यदि हाम्रा आँखा चिन्हहरूमा मात्र लागेका छन भने हामी सजिलै

यस बिषयमा धर्मशास्त्र मौन छैन। फिरौउनको सामनेमा मोशाले गरेका तीन चिन्हहरू सबै मिश्रका जादुगरहरूले नकल गरे। हारुनले आफ्नो लठ्ठी भूइँमा फ्याँक्दा त्यो सर्प भयो, मिश्रका जादुगरहरूले पनि त्यही गरे। मोशाले पानीलाई रगत बनाए, मिश्रका जादुगरहरूले पनि यो गर्न सके। मोशा र हारुनले पानीबाट भ्यागुताहरू निकाले, जादुगरहरूले पनि ठीक त्यसतै गरे। सबै अचम्मको काम परमेश्वरबाट आएको हुँदैन।

येशूले चेलाहरूलाई स्पष्ट गरि चेतावनी दिंदै भन्नुभयो। "किनकि झूठा ख्रीष्टहरू र झूठा अगमबक्ताहरू खडा हुनेछन् र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्" (मत्ति २४:२४)।

पावलले थिस्सलोनिकीहरूलाई त्यस्तै कुरा लेखेका छन्। "शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ" (२ थिस्स २:९, १०)।

यूहन्नाले आफ्नो दर्शनमा पृथ्वीबाट निस्केको पशुको कुरा प्रकाशको पुस्तकमा लेखेका छन्। "मानिसका आँखाको अघि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो" (प्रकाश १३:१३)।

माथिका यी तीन दृष्टान्तहरूमा उस्ता उस्तै प्रसंग छन र सबैले युगको अन्तको प्रतिक्षा गर्दछन्। तिनीहरू सबै यस युगको निम्ति हुन् र हामी पूर्णताको समयमा जीएका छौं।

को चाहिं ठगिन लागेको छ? सजिलै संग ठगिन सक्ने मानिसहरू को हुन् त? के ती अशिक्षित हुन्? के ती बाइबलको ज्ञान न भएका हुन्? सबै भन्दा महत्वपूर्ण प्रश्न चाँही हामी ठगिनबाट कसरी बाँच्न सक्छौं?

कति मानिसहरू बाइबलको ज्ञान पाए भने सुरक्षित सम्झन्छन्। यदि धर्मशास्त्रको सच्चाईमा गहिरो जरा हालेको भए सुरक्षित हुन सक्छ। सुन्नुहोस् ! यहोवाका साक्षीहरू लगायत अरु पनि जो बाइबल अध्ययन गर्ने र शिक्षामा धेरै समय बिताउँछन्, तिनीहरू ठगिए कि ति बाहेक अरुहरू सबै ठगिए ! बाइबल अध्ययन र शिक्षा महत्वपूर्ण हुन सक्छ तर त्यसले धोखाबाट बांच्न निश्चयता दिंदैन।

इमान्दार मानिसहरू जसले धर्मशास्त्रको पश्रस्त ज्ञान प्राप्त गरि सकेका छन ती गम्भीर धोखामा परेकाहरूलाई म चिन्छु। तिनीहरू आफ्नो बाइबल सिद्धान्तसंग मिल्दो जुल्दो इसाईसंग (नाम मात्रका) भेटछन जस्ले परमेश्वरको शक्ति पाएको जस्तो देखिन्छन्। तिनीहरू चिन्हचमत्कार र बाहिरी रुपमा धेरै राम्रो तर भित्र तिनीहरू झुठो भविष्यबक्ताहरू थिए। तिनीहरू भेडाको भेषमा ब्वाँसाहरू थिए।

फरिसीहरू बाइबलका बिद्यार्थी साथै नयाँ करारका समयमा अध्यापकहरू थिए। तिनीहरूलाई धर्मशास्त्रको ज्ञानले भ्रमबाट बचाउनु सकेन, बरु सच्चाइबाट टाढै राख्यो ! फरिसीहरूले मानिसहरू येशूकहाँ आएको देखेर भने, "तिमीहरू पनि बहकियौ, कि कसो? के धर्म



# परीचय

साँच्चै, म तिमहिरुलाई भन्दछु, ममाथि बिश्वास गर्ने, त्यसले मैले गरेको काम गर्नेछ, र तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु (युहन्ना १४:१२)।

येशूले बिरामीलाई निको पार्नुभयो, दुष्ट आत्माहरू धपाउनुभयो, अन्धाको आँखा खोल्नुभयो, पानीमाथि हिडँनुभयो, पानीलाई दाखमद्यमा परिवर्तन गर्नुभयो, मरेकालाई जीउँदो पार्नुभयो। ती सबै काम गरी सकेपछि उहाँ भन्नुहुन्छ, अरुले पनि त्यो गर्छन र अझ महान काम गर्दै जान्छन्। के उहाँलाई पछ्याउनेहरूले उहाँका बचनहरू पालन गरे? निश्चयनै तिनीहरूले बिरामी निको पारे दुष्ट आत्माहरू धपाए, मरेकालाई जीउँदो पार्नुका साथै अरु आश्चर्य कामहरू पनि गरे, तर के तिनीहरूले वास्तवमा येशूले भन्दा महान काम गरे त?

मरेकोलाई जीउँदो पार्नु भन्दा अर्को कुन ठूलो काम गर्न सक्तथे होला?

कति मानिसहरू भन्दछन् येशू शरीरमा एक ब्यक्ति, समय र स्थानमा सिमित हुनुभयो। उहाँका चेलाहरू धेरै थिए र तिनीहरू रोमी राज्यभरी फैलिएर बिश्वभरी नै भएको हुनाले उहाँले गरेको भन्दा धेरै काम गर्न सके। यो अवश्य सत्य हो तर धेरै भन्नुको अर्थ अझ महान होइन। येशूले गर्नुभएको कामभन्दा महान काम चेलाहरूले के गरे, र हामीले के गर्न सक्छौं?

उहाँले भनेको जस्तै काम हुन्छ भन्ने येशूको भनाई को अर्थ के हो? येशूले गर्नुभएको काम भन्दा पनि अझ महान काम गर्न सक्छौं भन्नु ईश्वरको निन्दा गरे झै सुनिन्छ। उहाँले बोल्नुभएको बचन अस्वीकार गर्नु वा गलत हो भन्नु चाँहि साँच्चैको ईश्वर निन्दा गर्नु हो। उहाँले सरलमा भन्नुभयो, उहाँलाई बिश्वास गर्नेहरूले उहाँले गरेका भन्दा अझ महान काम गर्न सक्छन्। त्यसो भए उहाँले भन्नुभएको जिल्ल पार्ने शब्दहरूको रहस्य (झुक्याउने बचनहरूको अर्थ) खोजी निकालौं, यसो गरेर नयाँ आत्मिक अत्यावश्यक सच्चाई सिकौं।

## येशूले के काम गर्नुभयो

येशूले नासरतको सभाघरमा उभिएर साधारण मानिसहरूको सेवा शुरु गर्नुहुदाँ यशैया अगमबक्ताको पुस्तक पढ्नुभयो। उहाँले पढ्नुभएको बचनहरू यिनै थिए, "परमप्रभुको आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, र परमप्रभुको प्रसन्नताको बर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ" (लूका ४: १८, १९)।

येशूले तिनीहरूलाई अझ भन्नुहुन्छ "आज धर्मशास्त्रको यो बचन तिमीहरूले सुन्दा सुन्दै पूरा भएको छ" (लूका ४: २१)। यो कस्तो ठूलो दाबी थियो, तिनीहरूसंगै हुर्केको सिकर्मीको छोरा अचानक एक दिन उहाँ आफ्नै बिषयमा बोलिएको ७०० बर्ष पुरानो अगमबाणी पूर्ण भएको बिशाल घोषणा गर्नुहुन्छ।

यशैया ६१ अध्यायका यी बचनहरू सुन्नेहरूको मनमा दुई बिचारहरू ल्याएका छ। बर्षेनी निस्तार चाड़ स्मरण गराए अनुसार तिनीहरूले सम्झना गरे होलान। तिनीहरूका पिता पुर्खाहरू मिश्र देशमा कमारा कमारी भएका थिए। त्यहाँ मोशा आएर परमेश्वरको हातद्वारा चिन्ह र चमत्कार गरी छुटकारा नगरुनजेलसम्म तिनीहरू ठूलो कष्ट र सतावटमा परेका थिए।

तिनीहरूले आफ्नो धर्मशास्त्र जानेको हुनाले लेवी २५ अध्ययको १० पदको सम्झना पनि गरे होला। "पचासौं बर्षलाई पवित्र मान्नू, र सारा देशका बासिन्दाहरूलाई स्वतन्त्रताको घोषणा गर्नू। त्यो तिमीहरूका लागि पुनर्स्थापनको बर्ष होस्, र हरेक मानिस आफ्नो जग्गाजमीन र आफ्नो परिवारमा फर्कोस्।" यो चाड़ धेरै मानिसहरूका लागि जीवनमा एक पटकको ुनभव थियो जब दासहरू स्वतन्त्र भएर सम्पूर्ण देश शुरुको मालिकको अधिकारमा फर्के। तर रोमीहरूले इस्राएलीहरूमाथि शासन गर्नेको अर्थ के हुनसक्त्यो? धर्मशास्त्र येशूले कसरी पूरा गर्न सक्नुहुन्थ्यो?

त्यस पछिका तीन बर्षमा के भयो सो मैले लेखि रहने आवश्यकता पर्दैन। मत्ती, मर्कुस, लूका र यूहन्नाहरूले प्रत्यक्ष बर्णन गरेका छन्। येशूले असल काम गर्दै जानुभएकोमा यशैयाले बोलेका अगमबाणी एक एक गरि पूरा भयो। गालिलका गरीबहरूको निम्ति स्वर्गको राज्यको शुभ खबर ल्याउनुभयो, कति धेरै रोगी मानिसहरू निको भए र मृत्युको मुखबाट छुटकारा पाए त्यसको लेखा कसैलाई थाहा छैन। अन्धकारको शक्तिले पीडित भएकाहरूले छुटकारा पाए, बिश्वासै गर्न कठिन पर्ने जस्ता आश्चर्य कामहरू भए। जन्मैको अन्धाहरूले पनि दृष्टि पाए। त्यो भन्दा पनि ठूलो कुरो त मरेकाहरू जीउँदो भए। धेरै युग अघि एलिया र एलिशाले त्यो काम गरेका थिए, तर अतीतका आश्चर्य कामहरू बर्तमानकालमा पनि भएको होस् भन्ने आशा तपाईं गर्नुहुन्न।

निको भएका र छुट्कारा पाएकाहरूको रमाहटको कल्पना गर्न सकिन्छ। ती मध्ये हामी आफैले पनि कतिपय यस्तो अनुभव गरेकोमा त शँकै छैन। यस्तो आश्चर्यजनक काम आफ्नै आँखाले देखेको मात्र नभई आफैले त्यो गर्न सक्ने शक्ति पाएका उत्तेजित चेलाहरूको कल्पना गर्न सक्छौं। तिनीहरू धर्मशास्त्रमा पढ़ेका कुराहरूको अनुभव गर्नेहरू थिए तर आफ्नै आखाँले देख्ने र आफ्नै हातले गर्न सक्ने कामको भने तिनीहरूले कल्पना पनि गर्न सकेका थिएनन्।

यी सबैले कता डोऱ्याउदै थियो त? के मोशाले मिस्रीहरूबाट स्वतन्त्र गरे झैं येशू रोमीहरूबाट इस्राएलीहरूलाई स्वतन्त्र गर्ने अर्को मोशा हुनुहुन्थ्यो? के उहाँ इस्राएलको शैन्य शक्ति फेरी फर्काई ल्याउने अर्को दाउद हुनुहुन्थ्यो? के येशूको आश्चर्य काम गर्ने शक्तिले प्रतिज्ञा गरेको शान्तिको राज्यमा स्वास्थ्य, सौभाग्य संसारमा ल्याउन सक्ला? के यो मानव जातिलाई प्रभाव पार्ने अनेकौ



बडिरहने, परमेश्वरको प्रकाश हाम्रो आफ्नै जीवनमा र हामीबाट अरुहरूमा पुगोस् भन्ने प्रतीक्षा गर्नु पर्दछ।

हामी अक्सर नयाँ नियममा भएका अझ महान, अझ असल, र अति उच्च जस्ता तुलनात्मक शब्दहरू पाउँछौ। त्यसले स्वभाविक समतलबाट आत्मिक उच्चता सम्म भएको अर्थ लगाउँछ। पुरानो करार असल थियो, नयाँ करार झन असल, झन महान र अति उच्च छ।

येशूले बप्तिस्मा दिने यूहन्नाको बिषयमा यी बचनहरू बोल्नुभयो "साँचै, म तिमीहरूलाई भन्दछु, स्त्रीबाट जन्मेकाहरूमा बप्तिस्मा दिने यूहन्नाभन्दा महान् अरु कोही भएको छैन। तरै पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनीभन्दा महान् छ" (मत्ति ११:११)। अहो कस्तो बयान ! बप्तिस्मा दिने यूहन्नाको यहुदा प्रान्तका सबै बासिन्दाहरू माथि शक्तिशाली प्रभाव परेको थियो। उसको साहसपूर्ण प्रचारले धेरै मानिसहरूलाई पश्चताप गर्न र बप्तिस्माको आज्ञा मान्न सम्म पुऱ्यायो, तथापि यूहन्ना आफैलाई थाहा थियो जसलाई पछ्याउनु पर्ने थियो त्यो बाटो तयार गर्न मात्र सक्दथे। आफैले नयाँ जीवन दिन सक्ने थिएनन् तर जो पछि हुनलागेको थियो त्यसको निम्ति मानिसहरूलाई तयार गर्न सक्दथ्यो। उनको बप्तिस्मा पानीको मात्र थियो, आगो र पवित्र आत्माको थिएन। अझ महान चाँहि त आउन बाँकी नै थियो।

इनारको छेउमा सामरी महिलाले सोधिन, के तपाईं हामीलाई यो इनार बनाई दिने पुर्खा याकुब भन्दा महान हुनुहुन्छ? हो उहाँ महान हुनुहुन्थ्यो ! जुन पानी दिन उहाँ आउनुभएको थियो याकुबले तिनीहरूलाई दिएको पानी भन्दा भिन्दै र सर्बश्रेष्ठ थियो। परमेश्वरमा यो पानी पूर्ण नयाँ प्रकारको थियो।

"के तपाईं हाम्रा पिता अब्राहाम भन्दा महान हुनुहुन्छ?" भनि यहुदीहरूले येशूलाई प्रश्न गरे। उत्तरमा, येशूले भन्नुभयो "अब्राहाम हुन भन्दा अघि म थिएँ" भनि। बिश्वका तीन ठूला धर्ममान्नैहरूमा अब्राहाम आदरणीय, प्रतिष्ठीत महान ब्यक्ति थिए तर येशूर् स्वोच्च शिखरमा हुनुहुन्छ।

# झुटो चिन्हहरू

अब हामी बिषयको नकारात्मक पक्ष तिर लाग्नु पर्छ र झुटो र धोखापूर्ण खतरालाई बुझ्नु पर्छ।

यदि तपाईं कुनै अपरिचित शहरमा जानुहुन्छ र त्यहा बाटो देखाउने चिन्ह छैन भने बाटो पैल्याउन कठिन पर्छ तर त्यसको सट्टामा त्यहाँ चिन्हहरू धेरै छन् र सबै चिन्हले बेठीक बाटो देखाउँछ भने त्यो त अझ खतरापूर्ण हुन्छ !

आत्मा खेलाउने, भुत-प्रेत मान्ने, तथा कतिपय धर्म मान्नेहरूले किसिम किसिम का चमत्कार गर्दछन। प्रत्यक्ष रुपमा येशूका अनुयायीहरूलाई चिन्ह र अचम्मको काम गर्ने एकाधिकार दिइएको छैन।

आत्मिक रोगलाई निको पार्न सक्छौं। हामीबाट परमेश्वरको प्रेम र शक्ति भित्रिय मनुष्यत्वको नराम्रो रोगहरूमा पुग्छ र सुस्वास्थ्य र जीवन ल्याउंछ, अक्सर यसले शरीरमा पनि सुस्वास्थ्यमा पुऱ्याँउछ।

## पानी माथि हिंडनुभएको

पानी माथि हिंडनु आश्चर्य काम हो, त्यो भौतिक खिंच्ने शक्तिको (गुरुत्वाकर्षणको भौतिक) नियम बिपरीत छ। येशू पानी माथि उनीहरू तर्फ हिंडदै गरेको चेलाहरूले देखेर छक्क परि डरले स्वाँ-स्वाँ गर्नलागे। पत्रुस पनि डुङ्गाबाट ओर्लेर पानीमाथि हिंडनलागे। उनले आफ्नो पैताला मुनिको पानी खंदिलो भएको महसुस गरे, यो घटना उनको जीवन भरी बिर्सी नसक्ने क्षण भयो।

आज हवाइजहाज आकाशमा उड्छ, उच्च अन्तरिक्षमा पुगेर पृथ्वीलाई परिक्रमा गर्छ। मानिसले बिज्ञानद्वारा भौतिक खिच्ने शक्तिको नियमको बिपरित काम गर्न सिकेको छ।

इसाहक न्युटनले संसारलाई (गुरुत्वाकर्षणको नियम को बारेमा) बैज्ञानिक ज्ञान दिनु भन्दा पनि धरै अघि पावलले भिन्दै प्रकारको खिंच्ने शक्तिको पत्तो लगाए। उनले यसलाई पाप र मृत्युको व्यवस्था भने। यसको पनि त्यतिकै बराबर तलतिर तान्ने सामर्थ छ। पावल यसरी लेख्नुहुन्छ "किनभने असल काम जो म गर्न चाहन्छु त्यो म गर्दिन, तर दुष्ट काम, जो म गर्न चाहन्नँ त्यही म गर्ने गर्छु। अब म जो इच्छा गर्दिन त्यही गर्छु भने त्यो म होइन, तर मभित्र बास गर्ने पाप हो। यसरी एउटा नियमले काम गरेको म पाउँछु। जब भलो गर्न चाहन्छु, तब दुष्टलाई मेरो नजीकै उपस्थित पाउँछु। किनकि, म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, तर मेरो अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसंग युद्द गर्दछ, र मेरा अङ्गहरूमा बास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ" (रोमी ७: १९-२३)। माथितिर तान्ने आत्माको शक्तिले मात्र शरीरको तलतिर खिच्ने शक्तिको बिरोध गर्नसक्छ।

येशू गालिलको भौतिक पानी माथि-माथि आश्चर्यजनक हिडंनुभयो तर त्यो भन्दा अझ महान आश्चर्य त, पानीलाई प्रतिनिधित्व गर्ने अथवा शरीर माथि बिजयी भएर हिडँनु भयो। उहाँले तल खिच्ने आत्मिक शक्तिको खण्डन गर्नुभयो। यो अदृष्य अझ महान आश्चर्य काम हो, जो उहाँले आफ्नो जीवनको हरेक क्षण गरिरहनु भयो।

पवलले पनि यस्तो रहस्यपूर्ण बिजयको पत्ता लगाएर पत्रमा लेखे, "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ" (रोमी ८:२)।

## प्रगति

हामीले परमेश्वरको ज्ञानमा प्रगति र अनुभवको व्याख्या गरिरहेका थियौं। सम्पूर्ण बाइबलले परमेश्वरको आफ्नै प्रगतिशील प्रकाश मानिसको निम्ति भएको व्याख्या गर्दछ। हामीले लगातार



दुख: रोगव्याधि दरिद्रताको अन्त थियो? चेलाहरू र प्रभुलाई पछ्याउने भिडहरूलाई त्यस्ता असीमित आशा र उत्तेजनाको सीमा नरहको ज्ञान हुनु पर्दछ।

## येशूको बिचार

उत्तेजनाले प्रभाव नपार्ने एक ब्यक्ति, छ, म बिश्वास गर्छु,उहाँ येशू आफै हुनुहुन्छ।

जब धुइरोले उहाँको शिक्षा सुन्न, बिरामी निको पारेको हेर्न वा अनुभव गर्न पछ्याए, उहाँ तिनीहरूलाई छोडेर डाँडा माथि प्रार्थना गर्न र परमेश्वरसँग रहन जानुभयो। जब युहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउनु हुँदैछ भन्ने खबर यहुदियामा फैलियो तब उहाँ त्यो ठाउँ छोडेर सामरीयामा जानुभयो जहाँ एउटी असहाय महिला भेटाएर तिनको सेवा गर्नुभयो।

भीड़ प्रतिको अचम्मका आशिषमय सेवकाइ, सहयोग, जस्ता महत्वपूर्ण काममा लगनशील हुनको सट्टा अक्सर शिक्षा दिनमा व्यस्त रहनुभयो, जुन उहाँका आफ्नै चेलाहरूले पनि बुझ्न सकेनन्। जब उहाँले गरेका आश्चर्य कामको बिषयमा तिनीहरू बिचार गरिरहेका हुन्थे उहाँको मन अक्सर अरुनै कुराहरूमा हुन्थ्यो। समय हुँदै उहाँले आफ्नो मृत्यु र पुनरुथानको बिषयमा तिनीहरूलाई भन्न शुरु गर्नुभयो। तिनीहरू उहाँको अद्धितीय तथा आश्चर्यकाम लगातार भईरहेको तिनीहरू चाहन्थे। उहाँ र उहाँका पिताको भने भिन्दै र असल योजना थियो जुन त्यस स्थितिमा तिनीहरू जान्न वा बुझ्न असमर्थ थिए।

एक दिन येशूले भन्नुभयो, "मैले लिनुपर्ने बप्तिस्मा छ। त्यो पूरा नहोउञ्जेल म अति सीमित छु !" (लूका १२:५०)। उहाँको सेवकाइ उहाँलाई पछ्याउनेहरूलाई धेरै रमाइलो लाग्ने भए पनि सीमित थियो। उहाँलाई गर्न मनलागेको काम अहिले गर्न असम्भव थियो, तर पनि उहाँ पिता कहाँ गएपछि चेलाहरू द्वारा ती अझ महान काम हुन सम्भव थियो।

## म पिता कहाँ जाँदैछु

जे हुन लागेको थियो त्यसको निम्ति येशूले उहाँको मृत्युको अघिल्लो साँझ आफ्ना चेलाहरूलाई तयार गर्नमा बिताउनुभयो। येशुले त्यो स्मरणीय सांझमा भन्नुभएको कुरा मत्ती, मर्कुस र लूकाले भन्दा यूहन्नाले अझ धेरै घटनाहरू सहित बर्णन गरेको छन्। मत्ती जस्तै यूहन्ना पनि त्यहाँ उपस्थित थिए र तिनी ज्यादै येशूका नजिक भएकोले येशूले भन्न खोजेका कुराहरू अरुले भन्दा धेरै राम्रो बुझ्न सके। सबै कुरा लेख्न भन्दा अघि लामो समयसम्म यूहन्नाले धेरै ध्यान दिएर जान्नु पर्ने कुरामा गहिरेर अघि बढन सके। ती बचनहरूले यूहन्नाको सुसमचारका अध्याय १४,१५ र १६ मा स्थान पाएको छ।

यस स्थितिमा अघिका समयमा जस्तै येशूले भनिरहनु भएको कुरा चेलाहरूलाई बुझ्न कठीन पऱ्यो, यस्तो किन हुन्छ? तिनीहरू अबुझ भएको कारणले त होइन, हामीहरू मध्येका कति बुद्धिमानहरू जस्तै तिनीहरू पनि थिए। येशूले सफासँग कुरा नबुझाउनुभएको कारणले त अवश्यनै होइन। निस:न्देह उहाँ संचारको त गुरु नै हुनुहुन्थ्यो।

के चेलाहरू आत्मिक कुरामा सिकारु भएकोले हो? आजको युगमा त्यो स्वीकार्न कठीन पर्छ। बालककालबाटै तिनीहरूले सभाघरमा धर्मशास्त्र अरुले पढेको र ब्याख्या गरेको सुने। त्यस भन्दा पनि बढी तिनीहरूले बप्तिस्मा देने युहन्नाको प्रचार, त्यसपछि तीन बर्ष भन्दा बढी समय सम्म येशूबाट बचन सुने, आश्चर्य काम भएको देखे, र आफैले पनि त्यो काम गरे। ती जस्ले धेरै बर्षको उत्तम शिक्षा प्रशस्त मात्रामा प्राप्त गरे र बर्तमान मण्डलीका सबै अगुवाहरूभन्दा पनि धेरै आश्चर्य काम देखे, तिनीहरूलाई नवशिष्य भन्न मिल्दैन।

बरु पवित्र आत्मा अझसम्म न पाएको कारण येशूलाई बुझ्न सकेका थिएनन्। पवित्र आत्माको बप्तिस्मा र पवित्र आत्माको बास बिना, उहाँले भनिरहनुभएको बिषयको भित्रीय अनुभव तिनीहरू गर्न सकेनन्।

त्यस बेला जस्तो अवस्था थियो त्यसबाट परिवर्तन न हुनु आजको मूल परिस्थीति छ। पवित्र आत्माको प्रकाश बाहेक येशूले भन्नुभएको बचन बुझ्न जति असम्भव त्यस बेला थियो त्यतिकै अहिले पनि छ। अन्तिम बेलुकी उहाँले चेलाहरूसंग बोलेका बचन तब मात्र अर्थ पूर्ण हुन्छ जब परमेश्वरको आत्माको आन्तरिक प्रकाशको अनुभव गरेको स्तरसम्म पुगेका हुन्छौं।

प्रार्थना र स्वर्गीय सहयोगद्वारा त्यस घटनापूर्ण रातमा येशूले आफ्ना चेलाहरूलाई भन्नुभएका बचनहरू बुझ्न कोशिश गरौं।

यूहन्नाको १४ अध्याय यी शब्दले शुरु हुन्छ, "तिमीहरूको हृदय ब्याकुल नहोस्, तिमीहरू परमेश्वर माथि बिश्वास गर्छौं, म माथि पनि बिश्वास गर। मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए के म तिमीहरूलाई भन्नेथिएँ, किनकि म ि तमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु। र यदि मैले गएर तिमीहरूका निम्ति ठाउँ तयार पारें भने म आउँछु, र तिमीहरूलाई मकहाँ लैजानेछु र जहाँ म छु त्यहाँ तिमीहरू पनि हुनेछौ " (युहन्ना १४: १-३)।

धेरै मानिसहरू "येशूलाई बिश्वास गऱ्यो भने मरे पछि स्वर्ग पुगिन्छ" भन्ने बिचार गर्नु भन्दा धेरै बुझेका छैनन्। यस्ता मानिसहरू यस पद अनुसार येशूले चेलाहरूलाई तर्क दिदै आकाशमा महलको प्रतिज्ञा गर्नुहुन्छ र त्यो ठाउँमा मृत्यु पछि वा येशू फर्कि आउँदा पुग्न सकिन्छ, भन्ने कुरामा बिश्वास गर्छन्। यो अध्याय पुरै पढयौं भने उहाँले भन्नु भएका बचनको सहि अर्थ त्यो नभएको भनि सफासंग बुझ्न सकिन्छ।

येशूले उहाँका चेलाहरूलाई तिनीहरूको दुख: र संसारको सतावटको अन्त भए पछि कतै माथि आकाशमा सुन्दर महल पाउने आशाको लागि निश्चयता दिई रहनु भएको थिएन। बरु तिनीहरूलाई दिन को निम्ति अझ उत्तम कुरो उहाँसंग थियो। एउटा नयाँ आत्मिक ठाउँ यहाँ (संसारमै) र अहिले नै आफ्नो अधिकारमा लिनु पर्ने बिषयमा उहाँले तिनीहरूलाई भनीरहनु भएको थियो।

येशू यस संसारमा हुनुहुँदाखेरी उहाँका चेलाहरू पनि उहाँसंगै थिए तर आत्मिक स्तरमा त होइन। यधपी शरीरमा एउटै ठाउँमा थिए, तथापी उहाँ पूर्णतया तिनीहरू भन्दा भिन्दै आत्मिक क्षेत्रमा हुनुहुन्थ्यो। फरिसीहरूसंग बात गर्नु हुदाँ भन्नुभयो उहाँ आफै "माथिबाटको" र तिनीहरू



गरेर आत्मिक दृष्टि पाएको कारण उनका पत्रहरू हाम्रो निम्ति रहस्यमय धर्मशास्त्र र विश्वका अरु असंख्य मानिसका निम्ति पनि आशिष र उत्साह को बिषय भएको छ।

## भीड़लाई खुवाउनु भएको

पाँच रोटी र दुई माछाले मात्र ठूलो भीड़लाई चाहेजति खुवाउने जस्तो घटनाले आवश्य पनि आजका बिश्व प्रचलित खबर पत्रहरूको निम्ति बिशेष शिर्षक हुने थियो। स्वर्गको खबरपत्रहरूले भोकाएकाहरूलाई तृप्त हुन चाहनेहरूको निम्ति प्रशस्त तथ्य र आत्मिक भोजन दिन्छ। भीड़लाई खुवाई सकेपछि येशू भन्नुहुन्छ "नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर, जो मानिसको पुत्रले तिमीहरूलाई दिनेछ" (युहन्ना ६:२७)। येशूको ब्यक्तित्व भन्दा भइरहेका छक्क पार्ने घटनाहरूमा नै मानिसहरू बढ़ी उत्सुक थिए। भोली पल्ट त तिनीहरू फेरी भोकाउने छन् भनि उहाँलाई थाहा थियो।

कुनै पनि असल मानिसले खाना नपाएको कुनै दुब्लो, नाङ्गो बच्चा देख्यो भने उसको मन दयाले भरिएर केही सहायता दिने इच्छा जाग्छ। रोग दुख:, कष्ट र दुर्भाग्य अवस्थाले पिडीत ब्यक्तिलाई त्यसबाट छुटकारा दिनको निम्ति आफ्नो अमोल समय, धन र जीवन नै पनि अर्पण गर्ने असल मानिसहरूको निम्ति प्रभुलाई प्रशंसा होस्। दुख: दरिद्रतामा परेकाहरूको पुकार त परमेश्वरले सुन्नुहुन्छ तर त्यो भन्दा पनि बढ़ी जुन कारणले गर्दा त्यो आत्मिक अन्धकार, अन्धोपना, दरिद्रता आएको छ त्यसलाई उहाँले देख्नुहुन्छ।

साँचो आत्मिक खानेकुरा के हो त्यो हामीले सिक्नु आवश्यक छ। हामीले दुध र ठोस् खानेकुराको भिन्नता पत्ता लगाउनुपर्छ र जुन उचित छ त्यो खुवाउनु पर्छ। असल आत्मिक खाने कुराले आत्मिक सुस्वास्थ्य मानिस बनाउंछ। आत्मिक सुस्वास्थ्य हुनेहरूले आफना वरिपरिका मानसिक र शारीरिक अस्वास्थ्यहरूलाई पनि स्वस्थ्यकर बनाउन सक्छन्।

## बिरामी निको पारेको

प्रेरितहरूले पाएको निको पार्ने शक्तिको प्रचारले यरुशलेम, सामरीया, एशिया भरी र रोमसम्म भ्रमण गरेका हरेक शहरहरूमा आश्चर्य चकित र आनन्द ल्यायो। शरीरको रोग मन पर्ने कुरा होइन। आजको आधुनिक औषधी उपचार आउन भन्दा अघिको अवस्था झनै खराब थियो। मानिसहरू शारीरिक पिड़ा असुबिधामा परेका मात्र नभएर काम गर्नु असमर्थ भएकाले अझ बढ़ी दुख: भोग्नु परेको छ। शारीरिक चङ्गाई परमेश्वरको अलौकिक शक्तिद्वारा होस् वा आधुनिक औषधी उपचारबाट, यो ठूलै आशिष हो तर यो क्षणिक मात्र हो र संधै रहिरहदैन। पावलद्वारा निको पारिएकाहरू राम्रो स्वास्थयमा छैनन्, तिनीहरूका शरीरहरू उहिले नै सडिसके।

शारीरिक रोग निको पार्नु भन्दा आत्मिक रोग निको पार्नु अझ महान काम हो। शारीरिक, मानसिक रोगहरू डाक्टर र औषधीहरूले निको पार्न सक्छ तर आत्मिक रोगलाई निको पार्न परमेश्वरको शक्तिले मात्र काम गर्छ। यदि हामीले पवित्र आत्माको शक्तिमा बचन बोल्यौं भने,

पेन्तीकोस चाडको दिनमा यरुशलेममा धेरै मानिसहरू आत्मिक अन्धकार र मृत्युको अवस्थामा थिए। पत्रुसले पवित्र आत्माको शक्तिमा जीवनको बचन प्रचार गरिसकेपछि, ठूलो भीडले उहाँको बचन सुने र उही पवित्र आत्माले तिनीहरूलाई आत्मिक जीवनमा ल्याउनुभयो। निस:न्देह यस्तो घटना भएकोमा बिभिन्न मिश्रित प्रतिकियाहरू पनि भयो। सम्भवत कतिपय नयाँ बिश्वासीका मित्रहरू र नातेदारहरु त्यहाँ भएको घटनाको कारण धेरै बिचलित भए, धर्माधिकारीहरू पनि खुशी भएनन्। तर स्वर्गमा भने ठूलो आनन्द भयो, स्वर्गदूतहरूले अचम्म माने, यो सबै भन्दा अझ महान आश्चर्य काम भएको थियो। मानव जाति पृथ्वीका बासिन्दा, जो "पाप र अधर्ममा मरेका थिए" आत्मामा जीवित भएको हुँदा येशूका बचनहरू पुरा भयो। यो उहाँले भन्नुभएको अझ महान कामको प्रारम्भ थियो।

मृतक शरीरलाई जीउँदो बनाउनु भन्दा मृतक आत्मालाई आत्मामा जीउँदो बनाउनु अझ महान काम हो र निश्चय त्यो चाँहि त परमेश्वरको दृष्टि र सच्चाईमा भएको हो। मानिसको दृष्टिमा शारीरिक मृतकलाई जगाउन सक्नु धेरै ठूलो काम हो। तर परमेश्वरको दृष्टि र मानिसको दृष्टि दुई भिन्दै कुरा हुन् र हामी चाहिं ईश्वरीय दृष्टि प्राप्त गर्ने प्रयासमा छौं।

## अन्धालाई आँखा

जन्मैको नेत्रहीनको आँखा खोलिनु निश्चय अचम्म लाग्ने कुरा हो, त्यसमा पनि कुनै पाको मानिसले पहिलो पल्ट बिभिन्न रङ्गहरू देख्न पाउँदा त्यसलाई कस्तो आश्चर्य चकित लाग्ला त्यो कल्पना गर्नुहोस, निस:न्देह संसारै रमाउँछ वयस्कलाई त झनै। जीवनमा कसैले स्वभाविक दृष्टि पाउँदा अवश्य संसारै रमाउँछ। जब कुनै मानिसले आत्मिक दृष्टि पाउँछ भने स्वर्गमा ठूलो आनन्द हुन्छ। येशूले फरिसीहरूलाई भन्नुभयो, तिमीहरू अन्धाहरूलाई डोऱ्याउने अन्धो अगुवा हौ। उहाँले यो स्वभाविक दृष्टिको सम्बन्धमा भन्नुभएको थिएन नता उहाँले तिनीहरूको बौद्धिक ज्ञानको सरोकार राख्नुभएको थियो। तिनीहरूले धर्मशास्त्र राम्ररी जानेका थिए, र असल सिद्धान्त सिकाउन सक्दथे, तिनीहरूको समस्या त आत्मिक अन्धोपन पो थियो। तिनीहरूले न परमेश्वरलाई देख्न सक्दथे न ता उहाँको राज्य नै। तिनीहरूले आत्मिक जन्म पाएका थिएनन्।

जब पावल दमिशकको बाटोमा लोटे, मध्य दिनको घाम जस्तो चम्किलो ज्योति देखे, तीन दिनसम्म शारीरिक अन्धो भएर केही देख्न सकेनन् र उनले केहि खानपिन पनि गरेनन्। तब हननिया नामका चेला डरले थरथराउदै आएर तिनले दृष्टि पाउन र पवित्र आत्माले भरिपूर्ण होउन भनी प्रार्थना गरे, तुरुन्तै तिनका आँखाबाट पाप्रा जस्ता केही खसे र उनको स्वभाविक आँखा त खुल्यो तर उनको आत्मिक दृष्टि के भयो नी? अझ महत्वपूर्ण कुरो त उनका आत्मिक आँखा पनि खुल्यो।

यो घटना भएको दिनसम्म उनी खास एउटा धर्ममान्ने, भौतिक थोकलाई मात्र देख्ने मानिस थिए, उनले भौतिक ज्ञान बिधि र व्यवस्थाको बलिदानलाई एक एक गरी मानेको भएपनि उनले स्वर्गको राज्य देख्न सकेका थिएनन् न त उनको आत्मिक जन्म नै भएको थियो। पावलले यो अनुभव



"तलबाटका" थिए। उहाँ परमेश्वरबाट र तिनीहरू आदमबाट, उहाँ स्वर्गबाट र तिनीहरू पृथ्वी बाटका थिए। उहाँका आफ्ना अनुयायीहरू पनि उहाँसंगै एउटै आत्मिक ठाउँमा भएको चाहनु हुन्थ्यो। उहाँको मृत्यु, पुनरुत्थान र पिता कहाँ फर्कने उपायले मात्र यो सम्भव हुन सक्यो।

येशूको अन्तिम उल्लेखित प्रार्थनामा उहाँले पितासंग माग्नुभयो "संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमीत पार्नुहोस्" (यूहन्ना १७:५)। शुरुमा सृष्टि हुन भन्दा अघि आफ्नो पिताको महिमामा येशूको हिस्सा थियो। हिब्रू भाषामा महिमाको अर्थ महत्वपूर्ण हुन्छ। यूनानी भाषामा मौलिक उच्च भावनाको कीर्तिमान र तेज अथवा चहकिलो भन्ने शब्द, समाबेश भएको छ। येशूको आफ्ना पिता संगै भएको आदर, गौरब, भक्ति र महत्वपूर्ण स्थानलाई मानवको कुनै पनि भाषाले बयान गर्न सक्दैन।

यस्तो समय आयो जब उहाँले ती सबै महिमीत कुराहरू पन्छाएर मानव शरीर र रगत धारण गरी मरियमबाट जन्म लिनुभएको थियो। उहाँ मानवले कल्पना गर्न नसक्ने किसिमको सीमा र प्रतिबन्धको अधिनमा हुनु भयो। अब संसारबाट प्रस्थान हुनको अघिल्लो साँझ सतावट, मृत्यु र कष्टको माध्यमबाट उहाँ पितासंग पहिलेकै स्थान प्राप्तिको निम्ति आनन्दले पर्खि रहनुभएको थियो। मृत्युको दुख: भोगी सके पछि उहाँ फेरी पितासंग आफ्नो स्थानमा पुनस्थापित हुनुभयो। यो अचम्म र महिमीत बिजयद्वारा पुन: पिता कहाँ फर्कन लागेको कुरा मानिसको इतिहासले वा कल्पनाले अनुमान गर्न सक्दैन।

यूसुफ आफ्नो युवा अवस्थामा एउटा महत्वपूर्ण स्थान ओगटेका धनि मानिसका छोरा थिए। उसलाई बन्दी बनाईयो र मिश्री मालिकको घरमा दास हुन लगियो। उनी होच्याइए र अन्यायपूर्वक कारागारमा फालिंदा अझ तल होचिन पुगे। तर अचानक एक दिन देशके सर्बोच्च दर्जामा उनको पदोन्नति भयो। शक्तिशाली मिश्री साम्राज्य पूरै उनको अधीनमा भयो मानिसहरूले उनको आज्ञा पालन गर्न पखर्नु पर्थ्यो। सबै अधिकार उनलाई दिईयो।

यूसुफको कथा छक्कै पार्ने छ तर येशूले गर्नुभएको कामको अनुपातमा भने तुलना गर्न लायकको छैन। उहाँ पिता कहाँ फर्कने कुरा त, कुनै पनि मरणशील मानिसले ओगटनसक्ने दर्जा भन्दा अथाह गहिराईबाट अत्यन्तै महान, अति उच्च र उतिकै गम्भीर कुरा थियो।

जब येशू आफ्ना पिता कहाँ पहिलेकै स्थानमा फर्कनुभयो उहाँको प्रार्थना पूर्ण भयो। "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु म संग रहन, र मेरो महिमा देखून जुन महिमा, संसारको सृष्टि हुन अघि देखिनै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो " (युहन्ना १७: २४)। येशू पिताको दाहिने हात तर्फ महिमित स्थानमा फर्कनुभएको मात्र नभएर, अचम्मको कुरो त चेलाहरू पनि उहाँसंगै त्यस स्थानमा गए। आत्मामा तिनीहरू उहाँ भएको स्थानमा पुगे। उहाँले तिनीहरूलाई ग्रहण गरे। तिनीहरूको मृत्युलाई पखर्नु भएन न त स्वभाविक दोस्रो आगमनमा आएर ग्रहण गर्नुभयो। यस ससारमा तिनीहरू स्वभाविक मरणशील शरीरमा हुँदा हुँदै उहाँले तिनीहरूलाई पवित्र आत्माद्वारा ग्रहण गर्नुभयो।

चेलाहरूले गर्ने लागेका अझ महान कामहरूको रहस्य यही थियो। तिनीहरू अहिले सम्म नदेखेको क्षेत्रमा प्रवेश गरे जुन अनुग्रहद्वारा आत्मामा नयाँ जन्म न पाएसम्म कसैले देख्न सक्तैन। त्यो अनुभव भए पछि तिनीहरूले परमेश्वरको राज्य देख्न शुरु गर्छन्।

पवित्र आत्माको अनुभव भए पछि यी सबै काम पूर्ण भयो। चेलाहरू परमेश्वरसंग एउटा नयाँ क्षेत्रमा प्रवेश गरे। तिनीहरू येशू भएको ठाउँमा रहन शुरु गरे। एफिसीहरूलाई लेखेको पावलको शब्दहरूमा "उहाँसंगै हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसंग बसाल्नुभयो" (एफिसी २:६)।

स्वभाविक क्षेत्रमा तिनीहरूले आश्चर्य कामहरू गरिनै रहे तर तिनीहरूको बिचारमा भने अब ठूलो भिन्नता थियो। यी आश्चर्य काम मानिसहरूले देखिने गरी ध्यान आकर्षण गर्ने किसिमका मात्र थिए भनि अहिले थाहा भयो। मानिसको निम्ति अदृष्य तर परमेश्वरको नजरमा अझ महान काम तिनीहरूले गर्न शुरु गरे। यी महान कामहरू आत्माको गुप्त क्षेत्रमा येशूले गर्नुभएका भौतिक चिन्हको आत्मिक सहयोगी अङ्गहरू थिए।

## चिन्हहरू

मत्ति, मर्कूस र लूकाले येशूले गर्नुभएको आश्चर्य कामको व्याख्या गर्न साधारण यूनानी शब्द प्रयोग गरे, जस्को अर्थ "शक्तिको काम" तर यूहन्नाले अक्सर "चिन्ह" शब्द प्रयोग गरेका छन्।

चिन्ह शब्द आफैमा त मुल्यहीन छ, यसले कुनै कुरोलाई संकेत गरेकै हुनुपर्छ, र त्यसको अर्थ हुनु पर्छ। येशूले गर्नुभएको आश्चर्यचकित कामले पछि हुनआउने आत्मिक सत्यतालाई दर्शाउँदै गरेको कुरा अरुहरूले भन्दा यूहन्नाले बढि स्पष्टसंग देखे। जस्ले उहाँलाई बिश्वास गर्छ तिनीहरूले गर्नु पर्ने अझ महान काम दर्शाए।

ती कामहरू अब येशू र उहाँका प्रथम अनुयायीहरूले गरेका चिन्हहरू साथै त्यसमा भएका महान रहस्यपूर्ण अर्थहरू एक एक गरी बिचार गर्नेछौं।

## चिन्हहरूको अर्थ

### पानी दाखमद्यमा परिवर्तन

येशूको प्रथम आश्चर्य काम वा चिन्ह पानी दाखमद्यमा परिवर्तन गर्नु थियो। दाखमद्य सिद्धिए पछि विवाहको भोज संकटमा परेको थियो। नजिकै पानीका ६ वटा ध्याम्पाहरू थिए, येशूले दासहरूलाई भन्नुभयो "ध्याम्पाहरू पानीले भरिदेउ"। तब उहाँले तिनीहरूलाई भन्नुभयो "उघाएर भोजका मुखिया कहाँ लैजाओ"। त्यस बेला पानी दाखमद्य भइसकेको थियो। मानिसको निम्ति ठूलै अप्रिय संकटकालिन अवस्था गजवले समाधन भयो, त्यसले गर्दा रमाइलो र आनन्दको वातावरण सृजियो होला। निस:न्देह यस घटनाको चर्चा काना गाउँ र परिवरिका देशहरूमा डडेलो सलकेझैं फैलियो। त्यस्तो घटना नभएको धेरै युग बितेको थियो। छिमेकी गाउँका सिकर्मीको छोरामा यस्तो काम गर्न सक्ने शक्ति छ भनेर कसले पो बिचार गरेको थियो होला र?



तर यो चिन्हको अर्थ के थियो? म बिश्वास गर्छु भविष्यमा हुने सबै चिन्हहरूको निम्ति ठोस परिचय थियो।

६ वटा ढुङ्गाका ध्याम्पाहरूमा पानी राखिएको थियो, पानी र संख्या ६ शरीरको प्रतिक वा स्वभाविक पक्षको अर्थ लगाउँछ, भने अर्को तर्फ दाखमद्यले आत्माको अर्थ लगाउँछ। जब पेन्तीकोसको दिनमा प्रेरितहरू पवित्र आत्माले भरपूर भएका थिए, तिनीहरूलाई नयाँ दाखमद्ये मातेको आरोप लागेको थियो। बाहिरबाट हेर्नेहरूले प्राय: भिन्नता छुट्याउन सक्दैनन्।

येशूले गर्नुभएका सबै आश्चर्य कामहरू स्वभाविक घटनाहरू थिए, जसलाई बाइबलले शरीर भन्दछ। हरेक आश्चर्य कर्म पछि आत्मामा हुन आउने कुराको अग्रिम चिन्ह अथवा लक्षण थियो। त्यसले ती आश्चर्यकाम अचम्मै भए पनि पछि हुने कामको संकेत गरेको मात्र थियो भन्ने कुरा एक एक गरी हेर्नेछौं। तिनीहरू पछि हुने आन्तरीक यर्थातताको निम्ति बाहिरी लक्षण थिए।

पानी राख्ने ध्यम्पाहरू ढुङ्गाले बनाएको भनी किन भनियो? ढुङ्गा निर्जिव वस्तु हो। पुरानो करार ढुङ्गाको पाटीमा लेखिएको थियो, र यसले जीवन दिन पटक्कै सक्दैनथ्यो। जीवन दिने येशूको करार (बचन) त हृदयमा लेखिएको छ। सुलेमानको मन्दिर ढुङ्गाले बनाएको थियो र त्यो परमेश्वरले बास गर्न इच्छा गरेको जस्तो जीउँदो मन्दिर कहिल्यै पनि हुन सकेन। पुरानो करारको बेदीहरू सबै ढुङ्गाले बनिएका थिए, तर परमेश्वर त जीउँदो बेदीहरू चहानु हुन्थ्यो।

त्यसो भएकोले नयाँ करारको जीउँदो दाखमद्य हुनु भन्दा अघि ढुङ्गाका ६ वटा ध्याम्पाहरूबाट पानी निकाल्नु पऱ्यो।

### मरेकालाई जीवित बनाउनुभएको

जोप्पा नगरमा तबिता नामकी महिला बस्दथिइन्। एक दिन तिनी बिरामी भएर मरिन्, तिनले धेरै असल काम र अरुको सहयोग गरेको कारणले लोकप्रिय महिला भएकी थिइन्। चेलाहरूले तुरुन्तै पत्रुसलाई बोलाउन पठाए, तिनी आएर कोठा भित्र पसे र तिनको लागि प्रार्थना गरे। उनले महिलालाई "उठ" भने तब उनी जुरुक्क उठेर बसिन्। तिनका साथीहरूलाई कति ठूलो आनन्द र खुशी लाग्यो होला हामी त्यसको कल्पना गर्न सक्छौं। यो खुशीको संन्देश चाँडै नगर भरि फैलियो।

जब युटिकस घरको माथिल्लो तलाबाट खसेर मऱ्यो, कारण तिनी पावलले प्रचार गर्दै गरेको बेला निदाएको थियो, तब त्यहाँ धेरै संकटको अवस्था परेको थियो। त्यस घटनाले गर्दा, पावलको आगमनको आनन्द र उसले सिकाउन लागेको येशूको बचनको प्रकाशलाई त्यो असल युवा गुमाएको अप्रिय घटनाको कारण शोक र दुख:को वातावरणमा परिवर्तन भयो। जब पावल तल ओर्लेर बिश्वासको प्रार्थना गरे युटिकस पुनजी:वित भयो, तब सबै शोक रमाहटमा परिणत भयो। यस्तो घटनाको प्रभाव मानिसको जीवनकाल भरी रहिरहन्छ।